**एघारौं बार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माईन्युट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित गरिएको जानकारी**

**१. बैधानिक सभा**

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको एघारौं वार्षिक साधारण सभा कम्पनीका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभा भएको मिति, स्थान र समय :**

**मितिः** २०७६/०३/११ (तद्नुसार २६ जून २०१९), बुधवार
**स्थान :** होटल हैरिसन प्यालेस, बजरंगबली मार्ग, विराटनगर
समय : बिहान ११:०० वजे

**३. सभाको सूचना प्रकाशन**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभाको सूचना, अध्यक्षज्यूको मन्तव्य, आ.व. २०७४।७५ को लेखापरीक्षण सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०७६/०२/२० गते आर्थिक अभियान राष्ट्रिय दैनिक र दोश्रो सूचना मिति २०७६/०२/३१ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

**४. <u>छलफलका विषयहरु :</u>**

**<u>(क) साधारण प्रस्ताव :-</u>**

१) अध्यक्षज्यूको मन्तब्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।
३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७५/०७६ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखा परीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्ति हुन योग्य रहेको ।)
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर लाभाँस(बोनस शेयर) जारीको लागि कर प्रयोजनार्थ ०.६३१६ प्रतिशत अर्थात रु. ७१,४८,८४२।- (अक्षरेपी एकहत्तर लाख अठचालीस हजार आठ सय बयालिस मात्र) नगद लाभाँस स्विकृत गर्ने ।
५) संचालक समितिका पदाधिकारीहरुको बैठक भत्ता वृद्धिको प्रस्ताव पारित गर्ने ।

**<u>(ख) विशेष प्रस्ताव :-</u>**

१) कम्पनीको अधिकृत पूँजी रु ३,००,००,००,०००।०० (अक्षरेपी तीन अरब मात्र) कायम रहने प्रस्ताव पारित गर्ने । साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
२) कम्पनीको चुक्ता पूँजी रु १,१३,१९,००,०००।- (अक्षरेपी एक अरब तेह्र करोड उन्नाईस लाख मात्र)को १२ प्रतिशतका दरले हुने रकम रु. १३,५८,२८,०००। - बराबरको शेयर लाभाँस (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभाँस (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक ( Fraction) लाई सम्बन्धीत शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने ।

३) १० औं वार्षिक साधारण सभाबाट पारित ७० प्रतिशत हकप्रद शेयर ११ औं वार्षिक साधारण सभामा प्रस्तावित १२ प्रतिशत शेयर लाभाँस (बोनस शेयर) पारित भए पश्चात सो बोनस शेयरमा समेत सोही दरमा हकप्रद शेयर जारी गर्ने ।

४) शेयर लाभाँस (बोनस शेयर) वितरण तथा हकप्रद शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई सोही अनुरुप वृद्धि गर्ने । साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

५) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संसोधन एवं स्विकृतीको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल गर्न वा थपघट गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

६) कम्पनी ऐन, २०६३ (प्रथम संशोधन, २०७४ सहित) को दफा १०५(१) (ग) बमोजिम आ.व. २०७४।७५ मा चन्दा शीर्षक अन्तर्गत भएको खर्चको अनुमोदन गर्ने ।

(ग) विविध

## **५. सभामा उपस्थिती**

### **५.१ संचालक समितिका पदाधिकारीहरु**

| | | | |
|---|---|---|---|
| १. | श्री केशब प्रसाद भट्टराई | अध्यक्ष | |
| २. | श्री हेमन्त नाहटा | संचालक | |
| ३. | श्री डा. बिनोद आत्रेय | संचालक | |
| ४. | श्री बिशाल अग्रवाल | संचालक | |
| ५. | श्री बीरेन्द्र बाबु श्रेष्ठ | संचालक | |
| ६. | श्री कृति टिवडेवाल | संचालक | अनुपस्थित |
| ७. | श्री गंगा प्रसाद शर्मा | स्वतन्त्र बिज्ञ संचालक | |

### **५.२ अन्य पदाधिकारीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | श्री शिवनाथ पाण्डे | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री राजु राजचल | कम्पनी सचिव |

### **५.३ शेयरधनीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या | : १९ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | : ३२ |
| ३. | जम्मा उपस्थित संख्या | : ५१ |

## **६. सभाको बैधानिकता र सभाको सभापतित्व**

६.१ कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीहरुको संख्या १९ जना भएको र प्रोक्सी मार्फत ३२ गरि कुल शेयरको ७०.१७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार एघारौं बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन तथा कम्पनी नियमावलीमा व्यवस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री केशब प्रसाद भट्टराईज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै बिहान ११:०० बजे कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन निर्देशन दिनु भयो ।

६.३ सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री शिवनाथ पाण्डेले स्वागत गर्नु भई कम्पनीको रणनीतिक योजनाको जानकारी सहित शेयरधनी महानुभावहरुलाई उचित तथा निरन्तर प्रतिफल प्रदान गर्न व्यवस्थापन पक्ष प्रयासरत रहने बताउनु भयो ।

## ७. बार्षिक साधारणसभाको प्रस्तुती

सभाका अध्यक्षज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचिमा उल्लेख गरिएको आ.व.२०७४।७५ को संचालक समितिको प्रतिवेदन वाचन गरेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । यसै गरी सभा समक्ष लेखापरिक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४।७५ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँट हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तिय विवरणहरु छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

## ८. शेयरधनीहरुबाट प्राप्त सुझाव र सो को जवाफ

८.१ सभामा उपस्थित शेयरधनी महानुभावहरुले कम्पनीको बार्षिक प्रतिवेदन तथा लेखा परिक्षण विवरण समेतमा बिभिन्न सुझाव र जिज्ञासा राख्नु भएको थियो ।

**श्री नितेश सिंघानिया**

शेयरधनी श्री नितेश सिंघानियाले मन्तब्य राख्दै कम्पनीको लगानी म्यूचुयल फण्डमा बढी देखिएको र हालको बजारको अवस्थामा म्यूचुयल फण्डमा राम्रा प्रतिफल प्राप्त भई नरहेकोले अन्य लगानीका क्षेत्र पहिचान गरी उचित प्रतिफल प्राप्त गर्ने योजनाका साथ कार्य गर्न संचालक समितिले ध्यान दिनु पर्ने सुझाव दिनुभयो ।

**श्री गुरु प्रसाद लामिछाने**

शेयरधनी श्री गुरु प्रसाद लामिछानेले मन्तब्य राख्दै कम्पनीका वार्षिक साधारण सभामा शेयरधनीको न्यून उपस्थिती रहेकोले ब्यक्तिगत सम्पर्कबाट शेयरधनीलाई साधारण सभा सम्बन्धमा जानकारी गराउनु पर्ने, कम्पनीको प्रतिस्पर्धी क्षमतामा बृद्धि गरी शेयरधनीहरुलाई उचित दरमा प्रतिफल प्रदान गर्न व्यवस्थापन प्रतिवद्ध हुनु पर्ने बताउदै शेयरधनीहरुको हितलाई प्राथमिकता दिनु पर्नेमा जोड दिनुभयो ।

८.२ सभामा उपस्थित शेयरधनीहरुले उठाउनु भएको सुझाव एवं जिज्ञासाहरुलाई सभाका अध्यक्षज्यूले जवाफ दिदै आगामी दिनमा शेयरधनीहरुको सुझाव बमोजिम कम्पनीलाई अगाडी बढाउने र कम्पनीको प्रतिस्पर्धी क्षमता बिस्तार समेतमा योजनाका साथ कार्य गर्ने उल्लेख गर्नु भयो ।

## ९. सभाको निर्णय :

### (क) साधारण प्रस्ताव

**१)	अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०७४।७५ को संचालक समितिको प्रतिवेदन सभाका अध्यक्षज्यूले अनुमोदनका लागि सभा समक्ष पेश गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

**२)	लेखा परिक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु माथि छलफल गरि पारित गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु पारितका लागि सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तिय विवरणहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

**३)	लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७५/०७६ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखा परीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पुनः नियुक्ति हुन योग्य रहेको ।)**

लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७५/०७६ को लागि लेखा परिक्षकको नियुक्ती गरि निजको पारिश्रमिक निर्धारण गर्नका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७५/०७६ को लागि लेखा परिक्षकमा श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनीलाई नियुक्त गर्ने र मुल्य अभिबृद्धि कर बाहेक लेखा परिक्षण शुल्क बापत रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**४)	संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर लाभाँस(बोनस शेयर) जारीको लागि कर प्रयोजनार्थ ०.६३१६ प्रतिशत अर्थात रु. ७१,४८,८४२।- (अक्षरेपी एकहत्तर लाख अठचालीस हजार आठ सय बयालिस मात्र) नगद लाभाँस स्विकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,१३,१९,००,०००।- को १२ प्रतिशतले हुने रु. १३,५८,२८,०००। - शेयर लाभाँस (बोनश शेयर) जारी गर्दा सो शेयर लाभाँस (बोनश शेयर)को कर प्रयोजनार्थ ०.६३१६ प्रतिशत अर्थात रु. ७१,४८,८४२।- (अक्षरेपी एकहत्तर लाख अठचालीस हजार आठ सय बयालिस मात्र) नगद लाभांश स्वीकृत गर्नका लागि अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाले बोनश शेयरको कर प्रयोजनार्थ ०.६३१६ प्रतिशत अर्थात रु. ७१,४८,८४२।- (अक्षरेपी एकहत्तर लाख अठचालीस हजार आठ सय बयालिस मात्र) नगद लाभांश वितरण गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**५)	संचालक समितिका पदाधिकारीहरुको बैठक भत्ता वृद्धिको प्रस्ताव पारित गर्ने ।**

बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ तथा कम्पनीको नियमावली बमोजिम संचालक समितिको बैठक तथा अन्य समितिको बैठकमा संचालक समितिका पदाधिकारी उपस्थित हुँदा बैठक भत्ता बापत संचालक समितिका अध्यक्षलाई रु १०,०००।०० (अक्षरेपी दश हजार मात्र) र संचालकलाई रु ८,०००।०० (अक्षरेपी आठ हजार मात्र) का दरमा प्रति बैठक प्रदान गर्ने गरी सभामा पेश गरीएको प्रस्ताव सर्वसम्मतीबाट अनुमोदन/पारित गऱ्यो ।

(ख) **विशेष प्रस्ताव :**

१) **कम्पनीको अधिकृत पूँजी रु ३,००,००,००,०००।०० (अक्षरेपी तीन अरब मात्र) कायम रहने प्रस्ताव पारित गर्ने । साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।**

कम्पनीको अधिकृत पूँजी रु ३,००,००,००,०००।०० (अक्षरेपी तीन अरब मात्र) कायम रहने प्रस्ताव पारित गर्ने, साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्दा अधिकृत पूँजीलाई बृद्धि गरी रु. ३,००,००,००,०००।०० (अक्षरेपी तीन अरब मात्र) कायम गर्ने र सोही अनुसार कम्पनीको प्रबन्धपत्रको दफा ६(क) लाई देहाय अनुसार हुने गरी संसोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

प्रबन्ध पत्रको दफा ६(क) को संशोधित रुप :

दफा ६(क)
कम्पनीको अधिकृत पूँजी ३,००,००,००,०००।०० (तीन अरब) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।०० दरका ३,००,००,००० (तीन करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२) **कम्पनीको चुक्ता पूँजी रु १,१३,१९,००,०००।- (अक्षरेपी एक अरब तेह्र करोड उन्नाईस लाख मात्र)को १२ प्रतिशतका दरले हुने रकम रु. १३,५८,२८,०००। - बराबरको शेयर लाभाँस (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभाँस (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलब पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धीत शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने ।**

कम्पनीको चुक्ता पूँजी रु १,१३,१९,००,०००।- (अक्षरेपी एक अरब तेह्र करोड उन्नाईस लाख मात्र)को १२ प्रतिशतका दरले हुने रकम रु. १३,५८,२८,०००। - बराबरको शेयर लाभाँस (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभाँस (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलब पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धीत शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्वसम्मतीले पारित गऱ्यो ।

३) **१० औं वार्षिक साधारण सभाबाट पारित ७० प्रतिशत हकप्रद शेयर ११ औं वार्षिक साधारण सभामा प्रस्तावित १२ प्रतिशत शेयर लाभाँस (बोनस शेयर) पारित भए पश्चात सो बोनस शेयरमा समेत सोही दरमा हकप्रद शेयर जारी गर्ने ।**

१० औं वार्षिक साधारण सभाबाट पारित ७० प्रतिशत हकप्रद शेयर ११ औं वार्षिक साधारण सभामा पारित १२ प्रतिशत शेयर लाभाँस (बोनस शेयर)मा समेत सोही दरमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव अध्यक्ष ज्यूले सभामा पेश गर्दा उक्त प्रस्तावलाई सर्वसम्मतीले पारित गऱ्यो ।

४) **शेयर लाभाँस (बोनस शेयर) वितरण तथा हकप्रद शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई सोही अनुरुप वृद्धि गर्ने । साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।**

शेयर लाभाँस (बोनस शेयर) वितरण तथा हकप्रद शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई सोही अनुरुप वृद्धि गर्ने । साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा हाल कायम चुक्ता पूंजी रु. १,१३,१९,००,०००।०० को १२ प्रतिशतका दरले हुन आउने रु. १३,५८,२८,०००। - बोनश शेयर जारी गरे पश्चात कायम हुन आउने जारी पूँजीमा ७० प्रतिशत हकप्रद शेयर जारी गरे पश्चात हुन आउने चुक्ता पूंजीलाई तद्अनुरुप बृद्धि गरि  रु २,१५,५१,३७,६००।०० (दुई अरब पन्ध्र करोड एक्काउन लाख सैतिस हजार छ सय) कायम गर्ने र सोही अनुसार कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र (ग) लाई देहाय अनुसार हुने गरी संसोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

प्रबन्ध पत्रको दफा ६(ख) र (ग)को संशोधित रुप :

दफा ६(ख)

कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु २,१५,५१,३७,६००।०० (दुई अरब पन्ध्र करोड एक्काउन लाख सैतिस हजार छ सय) हुनेछ । सो चुक्ता पूँजीलाई प्रति शेयर रु १००। का दरका २,१५,५१,३७६ (दुई करोड पन्ध्र लाख एक्काउन हजार तीन सय छयतर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६(ग)

कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु १,५०,८५,९६,३२०।०० (एक अरब पचास करोड पचासी लाख छयान्वे हजार तीन सय बीस) तथा सर्वसाधारणबाट रु ६४,६५,४१,२८०।०० (चौसाठी करोड पैसाठी लाख एकचालीस हजार दुई सय असी) गरि जम्मा रु रु २,१५,५१,३७,६००।०० (दुई अरब पन्ध्र करोड एक्काउन लाख सैतिस हजार छ सय) हुनेछ ।

५) **कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संसोधन एवं स्विकृतीको क्रममा  नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल गर्न वा थपघट गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संसोधनका लागि नियमनकारीबाट कुनै संसोधन वा फेरबदल गर्न सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक संसोधन वा फेरबदल सम्बन्धी सम्पूर्ण आवश्यक कार्य गर्नका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

६) **कम्पनी ऐन, २०६३ (प्रथम संशोधन, २०७४ सहित) को दफा १०५(१) (ग) बमोजिम आ.व. २०७४।७५ मा चन्दा शीर्षक अन्तर्गत भएको खर्चको अनुमोदन गर्ने ।**

कम्पनीबाट बिभिन्न संघ संस्थालाई २०७४।७५ मा चन्दा शिर्षक अन्तर्गत प्रदान गरिएको रु.२,६३,८२४।- अनुमोदनका लागी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव राख्नु भएकोमा उक्त चन्दा अन्तर्गत प्रदान गरिएको रकमको अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**ग) विविध**

विविध अन्तर्गत छलफलका लागि अन्य बिषय नभएकोले अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

१०. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन**

सभाका अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरु, कर्मचारीहरु, नियामक निकाय बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लि. साथै सरोकारवाला सवै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको एघारौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु भएकोमा धन्यवाद दिदै सभा बिसर्जन भएको घोषण गर्नुभयो ।